# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, माघ २३ गते २०५९ साल (अतिरिक्ताङ्क ७३ (क)

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

**निजामती सेवा (तेस्रो संशोधन) नियमावली, २०५९**

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (तेस्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०५० को नियम १५ मा संशोधनः- निजामती सेवा नियमावली, २०५० को नियम १५ को उपनियम (२) मा रहेका "गरी सकेपछि" भन्ने शब्दहरूको सट्टा "गरेको र श्री ५ को सरकारको कुनै निकाय वा" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
नरेन्द्रकुमार श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।